# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०२।०३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बारा जिल्ला, सिम्रौनगढ नगरपालिकाले मधेश प्रदेश सरकारको अनुदानबाट आ.व. २०७७/०७८ मा संचालित योजनाहरुमा रकम निकासा गरी योजना सञ्चालन एवं सम्पन्न नै नगराई रकम हिनामिना गरेको तथा भ्रष्टाचारजन्य कार्य गरेको भन्ने समेतको संसदीय अनुगमन विशेष समिति - २०७५, मधेश प्रदेशको प्रतिवेदन उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सिम्रौनगढ नगरपालिकाबाट आ.ब. २०७७/०७८ मा दुईवटा योजनामा विनियोजित बजेटलाई आफूखुसी परिवर्तन गरी सञ्चालित सिम्रौनगढ नगरपालिका - ९, बारास्थित "बसबरियादेखि अमरपुर जाने बाटोमा माटो पुरी ग्राभेल निर्माण कार्य"मा नगरपालिकाको कार्यालय र उपभोक्ता समितिबीच भएको सम्झौताबमोजिमको शर्त पालना नगरी, लागत अनुमानबमोजिम गर्नुपर्ने सबै कामहरु नगरी नभएको काम भए गरेको हो भनी नापी किताब र बिलसमेत तयार पारी कार्य सम्पन्न प्रतिवेदन प्रमाणित गरी झुट्टा बिल भरपाईसमेतका आधारमा रु.१०,०८,९६५।४० (दश लाख आठ हजार नौ सय पैंसठ्ठी र पैसा चालीस) बढी भुक्तानी लिने/दिने कार्यमा संलग्न देहायका प्रतिवादीहरुउपर निम्नानुसारको कसुरमा निम्नानुसार सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिओम प्रसाद जयसवाल र लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरी | जिल्ला बारा, सिम्रौनगढ नगरपालिका | रु.१०,०८,९६५।४० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिम झुट्टा बिल बनाई भुक्तानी दिने कसुर गरेको देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | इन्जिनियर अजित कुमार गुप्ता र असिष्टेन्ट सबइन्जिनियर दिनेश कुमार | जिल्ला बारा, सिम्रौनगढ नगरपालिका | रु.१०,०८,९६५।४० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुन साथै निज प्रतिवादीहरुले गलत प्रतिवेदन दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेकोले सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ। |
| ३. | तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साह कानु | जिल्ला बारा, सिम्रौनगढ नगरपालिका | रु.२,८४,८३२।०७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८को उपदफा (३) वमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

| | | | | |
|---|---|---|---|---|
| ४. | उपभोक्ता समितिका अध्यक्ष दिनेश प्रसाद यादव, सचिव बैद्यनाथ प्रसाद यादव र कोषाध्यक्ष गिता कुमारी यादव | उपभोक्ता समिति | रु.१०,०८,९६५।४० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
भोला दाहाल